जनमुखी पत्रकारिताको अभ्यास


# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्षः- १५ | अंकः- ५० | २०८२ साल भाद्र २९ आइतवार ( September 13, 2025) | पृष्ठ संख्याः- ४ | मुल्य रु : ५।-

## आज बाल दिवस मनाइँदै, राष्ट्रपति पौडेलद्वारा शुभकामना

बिगूल समाचार
२९ भाद्र २०८२



राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रिय बाल दिवसका अवसरमा समस्त नेपाली बालबालिका तथा अभिभावकहरूमा शुभकामना व्यक्त गरेका छन् ।

नेपालले बाल अधिकार सम्बन्धी महासन्धी अनुमोदन गरेको दिनलाई आधार मानी हरेक वर्ष भदौ २९ गते राष्ट्रिय बाल दिवस मनाउँदै आएको छ । यस वर्षको बालदिवसका नारा 'बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी'भन्ने रहेको छ । राष्ट्रपति पौडेलले सन्देशमा बाल दिवसले बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा एवं विकासमा ध्यान दिँदै आवश्यक लगानीको सुनिश्चितता प्रदान गर्ने अपेक्षा गरिएको बताए ।

सन्देशमा भनिएको छ, "नेपालको संविधानले मौलिक हकका रूपमा बालबालिकाको हकलाई सुनिश्चित गरेको छ। बालबालिकाका सम्बन्धमा व्यवस्था गरिएका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा संवैधानिक कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाज, अभिभावक, विद्यालय एवं अन्य सरोकारवाला निकायहरूको एकीकृत र समन्वयात्मक भूमिका आवश्यक रहन्छ । बालबालिकाको हितलाई प्राथमिकतामा राखी समाज र राज्यलाई सचेततापूर्वक कार्यसम्पादन गर्न यस दिवसले उत्प्रेरणा प्रदान गर्ने विश्वास गर्न सकिन्छ ।"

उनले अझै पनि केही बालबालिका आफ्नो अधिकारबाट वञ्चित भएको कुरा सुन्नमा आएकोले विभिन्न कारणले बालबालिकामा पर्ने असरतर्फ सबैको ध्यान आकृष्ट हुनु जरुरी रहेको बताउँदै बालबालिकामाथि हुने सबै किसिमका अमानवीय व्यवहार, हिंसा तथा दुर्व्यवहार रोक्नु सम्बन्धित सरोकारवालाहरूको दायित्व रहेको बताए ।

सन्देशमा भनिएको छ, "बालबालिकाको भविष्य सुनिश्चित गर्न सृजनात्मक, व्यावहारिक, निःशुल्क र गुणस्तरीय शिक्षाको व्यवस्था, पोषणयुक्त आहार, सुरक्षित खानेपानी र सरसफाइ, आवश्यक खोप एवं बालमैत्री स्वास्थ्य संस्था एवं नीतिगत, कानुनी र बालमैत्री कार्यसम्पादनको प्रबन्ध गर्नु आवश्यक हुन्छ । बालबालिकालाई घर, विद्यालय र समुदायमा सुरक्षित वातावरण सृजना गरी सबै समूह र समुदायका बालबालिकालाई समन्यायिक अवसरको सुनिश्चितता प्रदान गर्न यस दिवसले सहयोग पुग्ने अपेक्षा गर्दछु ।"

बालबालिकाको संरक्षण, विकास र सहभागिताका लागि आआफ्नोतर्फबाट भूमिका निर्वाह गर्न सम्बद्ध सबै पक्षको ध्यानाकृष्ट हुनेछ भन्ने विश्वासका साथ यस दिवसले बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि सम्बद्ध सबैमा थप प्रेरणा मिलोस् भन्ने कामना राष्ट्रपति पौडेलले व्यक्त गरेका छन् ।

## जेन्जी भन्दै कांग्रेसले नांगै पारी पिटेको भन्दै कञ्चनपुरका नरेशले त्यागे प्राण

बिगूल समाचार
२९ भाद्र २०८२



कञ्चनपुर। कञ्चनपुरको वेदकोट नगरपालिका-४ बैतडाका २५ वर्षीय नरेश धानुकले सामाजिक सञ्जालमा लाइभ गर्दै प्राण त्यागेका छन् ।

आत्महत्या गर्नुअघि उनले आफूलाई जेनजी भन्दै नांगै पारेर कुटपिट गरिएको दाबी गरेका छन् । केही व्यक्तिको नाम लिँदै आत्महत्या गर्न बाध्य भएको उनले बताएका छन् ।

'मलाई सोसल अत्याचार भयो । म मर्दै छु । सोसल अत्याचारकै कारणले म फाँसी दिन गइरहेको छु,' उनले आत्महत्याअघि भनेका छन्, 'कांग्रेसको व्यक्तिले मलाई कुटपिट गऱ्यो । मलाई नांगै बनाएर दौडायो गाइज ।'

शुक्रबार राति फेसबुक लाइभमा रुँदै उनले सोही कारण आत्महत्या गर्नु परेको बताएका थिए ।

मृतककी दिदी हिरा धानुक रावलले पनि राति साढे १० बजेतिर जेनजी भन्दै रक्सी पिलाएर कुटपिट गर्दै आत्महत्या गर्न बाध्य बनाइएको दाबी गरेकी छन् ।

'सुरुमा दारु (रक्सी) पिलाएका रहेछन् । त्यसपछि नांगो बनाएर कुटपिट गरे । त्यसरी अपमान पछि उसलाई घरमा गएर आत्महत्या गर्न बाध्य पारियो उनले भनिन्, 'मर्ने थिएन, मलाई मर्न बाध्य बनायो भनेर उनीहरूको नाम लिएको छ ।'

उनले शव नउठाउने बताइन् । मृतकका दुई सन्तानको जिम्मेवारी स्थानीय तह वा मर्न बाध्य पार्ने व्यक्तिले लिनुपर्ने माग गरिन् ।

पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका छन् ।आत्महत्या दुरुत्साहन मुद्दामा ४ जनाविरुद्ध किटानी जाहेरी दिए पछी घटनाको अनुसन्धान भइरहेको डीएसपी सागर बोहराले बताए ।

सुचना ! सुचना ! सुचना !

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. १० को कार्यालय
डडेल्धुरा

अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

भागेश्वर गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा

## सम्पादकीय

# नयाँ मन्त्रिपरिषद्का चुनौती र कार्यभार

जेनजी पुस्ताको आन्दोलनको दबाब र आम नागरिकको आकांक्षालाई सम्बोधन गर्ने उद्देश्यले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठन भएको छ। यससँगै मुलुकको दीर्घकालीन राजनीतिक संकट तत्कालका लागि हल भएको देखिए पनि यसको भविष्य स्थायित्व बारे गम्भीर प्रश्न अझै कायमै छन्। किनकि भ्रष्टाचार, कुशासन र असफल नेतृत्वको इतिहास बोकेको मुलुकलाई पुनः सही दिशातर्फ लैजानु सामान्य चुनौती होइन ।

प्रतिनिधिसभा विघटनसँगै नयाँ निर्वाचनको तयारी सुरु भएको छ । यो कदम संविधानको रिक्तता सिर्जना गर्ने उद्देश्यले नभई ताजा जनादेश प्राप्त गर्ने प्रक्रियाको थालनीका रूपमा बुझिनु पर्छ। यद्यपि, यही निर्णयलाई आधार बनाएर यथास्थितिवादी र प्रतिगामी शक्तिले आफ्नो अस्तित्व पुनः स्थापित गर्न खोज्ने सम्भावना नकार्न सकिँदैन । त्यसैले जेनजी पुस्ता मात्र होइन, संविधानप्रति निष्ठावान सम्पूर्ण दलहरूले प्रतिगमनको खतरा नबढोस् भन्ने हेक्का राख्नुपर्ने हुन्छ ।

नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा बनेको मन्त्रिपरिषद्को पहिलो बैठकले संविधान सुरक्षित छ भन्ने सन्देश दिइसकेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले समेत संविधानका प्रावधानअनुसार प्रतिनिधिसभा विघटन र नयाँ निर्वाचनको बाटो खोलिदिएका छन्। अब ६ महिनाभित्रै नयाँ जनादेशसहितको प्रतिनिधिसभा ल्याउने प्रतिबद्धतालाई कार्यान्वयन गर्नु नयाँ सरकारले पहिलो प्राथमिकता दिनुपर्ने छ ।

कार्कीको व्यक्तिगत पृष्ठभूमि हेर्दा उनको संविधानवादप्रतिको निष्ठा कुनै पनि स्थापित नेताभन्दा कमजोर छैन भन्ने स्पष्ट हुन्छ । उनले आफ्नो जीवन नै भ्रष्टाचारविरुद्ध र न्यायपालिकाको स्वच्छता कायम राख्न समर्पण गरेकी छिन्। यस अर्थमा राजनैतिक दलका मुख्य नेतृत्वहरूले संविधानवादलाई कमजोर बनाउने, व्यक्तिगत स्वार्थलाई अग्रस्थान दिने काम गरेको इतिहास भएकाले कार्कीको नेतृत्वमा नागरिकले नयाँ आशा राख्नु स्वाभाविक हो। तर यही आशा निराशामा परिणत नहोस् भन्ने सावधानी सरकार र आन्दोलनकारी पुस्ता दुवैले लिनुपर्नेछ ।

यथास्थितिवादी नेताहरू अझै पनि आफ्ना पार्टीभित्र सत्ताको प्रमुख आधार बनेर बसेका छन्। उनीहरूबाट त्यो प्राधिकार खोस्न युवा नेताहरूलाई सबल बनाउनुपर्ने दायित्व जेनजी पुस्तासँगै नयाँ मन्त्रिपरिषद्माथि पनि छ। साथै, आन्दोलनमा प्रतिगामी तत्वको घुसपैठ रोक्न विशेष सतर्कता आवश्यक छ। किनकि निराश नागरिक भावना वा असंगठित राजनीतिक आन्दोलनलाई अवसर बनाउने शक्ति मुलुकलाई फेरि अराजकतातर्फ धकेल्न सक्ने जोखिम छ ।

त्यसैले नयाँ सरकारले भ्रष्ट कर्मचारी संयन्त्र नियन्त्रण, ढल्किरहेको न्यायपालिका र संवैधानिक निकायलाई पुनर्जीवन दिने, सुरक्षात्मक संयन्त्रलाई सक्षम बनाउने, भू-राजनीतिक सन्तुलन कायम गर्ने र विधिको शासन संस्थागत गर्ने कार्यलाई आफ्नो प्राथमिक जिम्मेवारीका रूपमा लिनुपर्ने हुन्छ। यी चुनौती सामना गर्न सके मात्र आगामी निर्वाचनको तयारी सफल हुन्छ ।

६ महिनाभित्रै निर्वाचन सम्पन्न गर्न नसके जनआकांक्षा निराशामा बदलिन सक्छ। निराशा बढ्दै गए संविधान र विगतका आन्दोलनका उपलब्धिमाथि नै प्रश्न उठ्न सक्छ । त्यसैले नयाँ सरकार ढिलो नगरी ठोस कदम चाल्नुपर्छ। देशलाई फेरि अनिश्चिततामा धकेल्ने मौका यथास्थितिवादी वा प्रतिगामी शक्तिलाई दिनु अब मुलुक र जनताका लागि घातक हुनेछ ।

नयाँ मन्त्रिपरिषद्को नेतृत्वले आशा र चुनौती दुवै बोकेको छ । आशा पुरा गर्ने मार्ग सजिलो छैन तर इमानदार नेतृत्व, संगठित युवा पुस्ता र जनताको निरन्तर समर्थनका आधारमा मुलुकलाई नयाँ राजनीतिक यात्रामा अघि बढाउन सकिन्छ। यही यात्राले मुलुकलाई दीर्घकालीन स्थायित्वतर्फ धकेल्ने वा फेरि अस्थिरतामा फसाउने भन्ने प्रश्नको जवाफ नयाँ सरकारको कार्यशैलीले दिनेछ ।

यो ठाउँ विज्ञापनका लागि हो ।

# ओली अहंकारको पतन

**प्रधानमन्त्री कार्कीले प्रस्ताव गरेका अध्यादेश राष्ट्रपति पौडेलद्वारा खुरुखुरु अनुमोदन हुँदै गए भने ओली र देउवा जेलमा हुन्छन् । कांग्रेस र एमाले पार्टी पनि सुधारिन वाध्य हुन्छन् । मुलुकको उज्यालो यात्रा सुरु हुन्छ । तर, संसद् बहालीको चलखेल र प्रधानमन्त्रीको हातखुट्टा बाँध्ने प्रयास भयो भने मुलुकमा फेरि आगो सल्किन्छ । उज्यालो यात्रामा देशलाई लैजाने कि मुलुकमा फेरि आगो सल्काउने ? भन्ने कुरा राष्ट्रपति पौडेलको भूमिकामा निर्भर हुन्छ ।**



**बोर्णबहादुर कार्की**

जेनजी पुस्ताको आन्दोलनले घोर अहंकारका प्रतिमूर्ति केपी शर्मा ओलीलाई विस्थापित गरी न्यायमूर्ति सुशीला कार्कीलाई प्रधानमन्त्रीको कुर्सीमा विराजमान गरायो । यो आफैँमा ठुलो उपलब्धि हो, तर पूर्ण होइन । किनकि अहिले सरकार मात्रै परिवर्तन भएको हो, सत्ता परिवर्तन पूर्ण रूपमा भइसकेको छैन । जेनजी आन्दोलनको उद्देश्य सरकार परिवर्तन मात्रै नभएर सत्ता परिवर्तनसमेत हो । सत्ता परिवर्तन मात्रै नभएर देशको व्यवस्था र अवस्था परिवर्तन हो । अहिले भएको सरकार परिवर्तनले सत्ता तथा व्यवस्था र अवस्था परिवर्तनको मार्गप्रशस्त गर्न सकेको छ वा छैन भन्ने प्रश्नलाई जेनजी पुस्ताले गम्भीरतापूर्वक लिनुपर्छ ।

पहिलो कुरा त प्रधानमन्त्री पदमा जेनजी पुस्ताको मागअनुसार सुशीला कार्की पुगेकी छिन्, तर शासन-सत्ता राष्ट्रपति रामचन्द्र पौडेलको हातमा पुगेको छ । उनी आफूलाई राष्ट्रपति पदमा आसीन गराउने शेरबहादुर देउवाप्रति ऋणी व्यक्ति हुन् । उनी सकेसम्म देउवाको अभिष्ट अनुसार नै चल्छन् । जेनजी पुस्तालाई दण्डित गर्नु देउवाको अबको अभिष्ट हुनेछ भन्ने कुरा बुझ्न गाह्रो छैन ।

देउवा, ओली, प्रचण्डलगायतका भ्रष्ट नेताहरूलाई हतकडी लगाएर थुन्ने, उनीहरूको सम्पत्ति छानबिन गरी अबैध सम्पत्ति जफत गर्ने जेनजी पुस्ताको बटमलाइन हो । यो बटमलाइन पूरा गर्ने दायित्व प्रधानमन्त्री कार्कीको हो । तर यसका लागि राष्ट्रपति पौडेलको पूर्ण साथ-सहयोग चाहिन्छ । राष्ट्रपति पौडेलले साथ सहयोग नगरे टसल उत्पन्न हुन्छ । यस्तो टसलमा राष्ट्रपति पौडेलको हात माथि हुन्छ । किनकि आफूले चाहेको अवस्थामा प्रधानमन्त्री परिवर्तन गर्ने पर माधिकार राष्ट्रपतिकहाँ पुगिसकेको छ ।

त्यसो त ओली र देउवाको सबैभन्दा ठुलो अस्त्रका रूपमा रहेको संसद् विघटन गरेर मात्रै प्रधानमन्त्री नियुक्त हुने कार्कीको सर्त धेरै नै सुझबुझ र दूरदर्शी देखिन्छ । भलै संसद् विघटन पहिले गर्ने कि प्रधानमन्त्री नियुक्ति पहिले गर्ने भन्ने विवादका कारण सरकार गठन हुन २ दिन ढिलाइ भयो । पहिले संसद् विघटन गरेर मात्रै नियुक्त हुने सर्त पूरा गर्न सकेको भए प्रधानमन्त्री कार्कीको हात केही हदसम्म माथि पर्थ्यो । तर नियुक्तिपछि आफ्नै सिफारिसमा संसद् विघटन गर्नु पनि कार्कीको जित नै हो । किनकि संसदीय व्यवस्थामा संसद्भन्दा शक्तिशाली निकाय अर्को हुँदै हुँदैन । निवर्तमान प्रतिनिधिसभामा ओली र देउवाको करिब दुईतिहाइ बहुमत थियो । यो दुईतिहाइ बहुमत भनेको उनीहरूको ब्रह्मास्त्र हो । जो व्यक्तिलाई दण्डित गर्ने जेनजी पुस्ताको उद्देश्यअनुसार कार्की प्रधानमन्त्री बनेकी थिइन, तिनै व्यक्तिको हातमा ब्रह्मास्त्र रहिरहनु भनेको हरेक कोणबाट खतरा हो । अब यो खतरा टरेको छ ।

राष्ट्रपति पौडेलले न त आफ्नो इच्छा तथा विवेकअनुसार कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्त गरेका हुन्, न त उनले आफ्नो चाहनाअनुसार संसद् विघटनको सिफारिसलाई अनुमोदन गरेका हुन् । उनी लतारिँदै त्यहाँ पुगेका हुन् । यो कदम चालेकोमा राष्ट्रपति पौडेलमाथि उनी यसअघि आवद्ध पार्टी नेपाली कांग्रेसभित्रका २ वटै समूहका अधिकांश नेताहरू रुष्ट देखिन्छन् । एमाले त कतिसम्म रुष्ट भएको होला भन्ने सीमा छैन ।

आफ्ना पक्षका कानुन व्यवसायीहरू प्रयोग गरेर ओली, देउवा र प्रचण्डले राष्ट्रपति पौडेलले चालेको कदमलाई असंवैधानिक भन्न थालिसकेका छन् । यो कदमलाई अदालतबाटै असंवैधानिक करार गर्न अब उनीहरूले अन्तिम तागत प्रयोग गर्नेछन् । उनीहरूको यो तागत सफल भयो भने जेनजी पुस्ताले बगाएको रगत खेर जानेछ। उनीहरूको यो ताकत सफल नहोला भन्न सकिने अवस्था छैन ।

रातरहे अग्राख पलाउँछ भन्ने भनाइ नै छ । संविधानकै कसीबाट हेर्ने हो भने पनि कार्कीको नियुक्ति र प्रतिनिधिसभा विघटन विधिसम्मत छैन भनेर तर्क गर्न सकिने धेरै आधारहरू छन् ।

प्रधानमन्त्रीको नियुक्ति र प्रतिनिधिसभा विघटनका सन्दर्भमा संविधानमा स्पष्ट प्रावधानहरू छन् । अहिले संविधानका यी स्पष्ट प्रावधानअनुसार न प्रधानमन्त्रीको नियुक्ति भएको हो, न प्रतिनिधिसभा विघटन भएको हो । त्यसैले संविधान जीवित छ वा छैन भन्ने प्रश्न महत्वपूर्ण हो । संविधान जीवित नभए पौडेलको राष्ट्रपति पद पनि जीवित रहँदैन । त्यसैले संविधान जीवितै रहेको छ भन्नु राष्ट्रपति पौडेलको वाध्यता हो । अब पनि संविधानका धारा खोज्दै प्रधानमन्त्रीको नियुक्ति तथा प्रतिनिधिसभा विघटनमाथि प्रश्न उठाउने चेष्टा ओली र देउवा समूहले जारी राख्नु भनेको उनीहरू आफैँमाथि थप संकट निम्त्याउनु हो । मूलतः राष्ट्रपतिद्वारा चालिएका यी कदमलाई संविधानको कोणबाटभन्दा पनि राजनीतिक कोणबाट बुझ्नु जरुरी छ ।

## संकटका मुख्य कारक ओली

२३ भदौमा निर्दोष स्कुले बालबालिकामाथि छातीमा ताकीताकी गोली हानेर मारिएको घटना २१औँ शताव्दीकै ठुलो कलंक हो । राज्यको गोलीबाट भएका यस्ता अपराध विश्वमा बिरलै पाइन्छ । यही घटनाबाट आक्रोशित भएका जनता भोलिपल्ट २४ गते सडकमा ओर्लंदा राज्यको सुरक्षा संयन्त्र कोल्याप्स भयो । सुरक्षा संयन्त्र कोल्याप्स भएको मौकामा आन्दोलनकारीको आवरणमा आपराधिक जत्थाको घुसपैठ हुँदा देशमा अकल्पनीय क्षति भयो । यति ठुलो भौतिक क्षति न त माओवादी द्वन्द्वकालमा भएको थियो, न त २०७२ सालको विनासकारी भूकम्पको बेला । मानवीय तथा भौतिक क्षति मात्रै होइन हाम्रा अमूल्य अभिलेख तथा अमूल्य सम्पदा जलेर नष्ट भए । राजनीतिक दलका नेताहरूलाई हेलिकोप्टरबाट रेस्क्यु गर्दै सुरक्षित ठाउँमा अवतरण गराउनमै नेपाली सेनाको साधन-स्रोत खर्च भयो । नेताहरूलाई बचाउनेतर्फ सेनाकेन्द्रित हुनु नपरेको भए निश्चय पनि सेनाले सिंहदरबार र सर्वोच्च अदालत जोगाउन सक्ने थियो ।

यो अकल्पनीय क्षति हुनुको तत्कालिक कारण भनेको सुरक्षा संयन्त्रको असफलता हो । सुरक्षा संयन्त्रलाई निकम्मा बनाउने अपराध अहिलेकै ठुला दलले गरेका हुन् । किनकि अहिलेकै ठुला दलहरू २०४६ सालयता आलोपालो तथा मिलीजुली रूपमा निरन्तर सत्तामा छन् । त्यसैले यो क्षतिको मुख्य जिम्मेवार २०४६ सालयता सत्तामा पुगेका दलहरू नै हुन् ।

यो अवधिमा सत्ता सम्हालेका दल तथा नेताहरूमध्ये देशलाई यस्तो परिस्थितिमा पुर्याउने मामिलामा के बढी र को घटी जिम्मेवार छन् भन्ने चासो हुनु स्वभाविकै हो । यो मामिलामा पनि विभिन्न कालखण्डका घटनामा उभिएर विश्लेषण गर्नुपर्ने हुन्छ । २०४७ सालदेखि २०६३ सालसम्मको कालखण्डमा उभिएर विश्लेषण गर्ने हो भने त्यो कालखण्डको मुख्य दोषी पार्टीगत रूपमा नेपाली कांग्रेस र व्यक्तिका रूपमा गिरिजाप्रसाद कोइराला तथा शेरबहादुर देउवा हुन् । २०४८ सालको आमनिर्वाचनमा जनताले एकमना सरकार चलाउन पुग्ने गरी कांग्रेसलाई बहुमत दिए । तर, कांग्रेसको आन्तरिक सत्ता लुछाचुँडीको झगडाले संसद् विघटन भयो । राजनीतिक विकृतिको सुरुआत यही विन्दुबाट भएको हो ।

२०५१ सालको मध्यावधि निर्वाचनमा कसैको पनि बहुमत आएन । ठुलो दलको हैसियतले मनमोहन अधिकारीको नेतृत्वमा एमालेले अल्पमतको सरकार गठन गर्यो । जनतालाई प्रजातन्त्रको अनुभूति दिलाउने मामिलामा यो सरकारलाई सफल मान्नुपर्छ । एमालेले अहिलेसम्म पाइरहेको जनमत मनमोहन सरकारको ९ महिनाको कामको ब्याज हो । तर बहुमतको सरकार चलाउनसमेत असफल भएको कांग्रेसले मनमोहन सरकारलाई ढालेर प्रतिगामी शक्तिको सहयोगमा गठबन्धन सरकार बनायो । सांसद खरिद बिक्री तथा प्राडो पजेरो काण्ड यही बेलाको उपज हो । यो अवधिमा भ्रष्टाचार त कति मौलायो कति ? महाकाली सन्धिका नाममा ठुलो राष्ट्रघात भयो । यो राष्ट्रघातमा एमालेसमेत संलग्न भयो । यसलगत्तै एमालेभित्रका देशभक्तहरूले अर्को पार्टी गठन गरे । एमाले फुटेका कारण २०५६ को आमनिर्वाचनमा फेरि कांग्रेसले बहुमत हासिल गर्यो । तर त्यो बहुमत पनि कांग्रेसले सदुपयोग गर्न सकेन । विगतको जस्तै दुरुपयोग गर्यो । माओवादीका कारण चुनाव नै हुन नसक्ने अवस्थामा प्रधानमन्त्री शेर बहादुर देउवाले प्रतिनिधिसभा विघटन गरेर देशलाई राजनीतिक शून्यतामा धकेले । यही शून्यताको फाइदा उठाउँदै तत्कालीन राजा ज्ञानेन्द्र शाहले शासनसत्ता हातमा लिए । २०४६ सालको जनआन्दोलनको उपलब्धि समाप्त भयो । वास्तवमा २०४६ सालको जनआन्दोलनका उपलब्धि समाप्त हुनुका मुख्य कारक राजा ज्ञानेन्द्र नभएर नेपाली कांग्रेस हो । त्यसमा पनि कोइराला र देउवा हुन् ।

यसैगरी २०६३ सालयताको २० वर्षे कालखण्डलाई हेर्ने हो भने २०७२ सालसम्म संक्रमणको व्यवस्थापन तथा नयाँ संविधान निर्माणमै बित्यो । संविधान जारी हुनु नै एउटा उपलब्धि थियो । २०६३ देखि २०७२ सालसम्मको कालखण्डमा सत्तामा रहेका दल तथा नेताहरूबाट चुक नभएका होइनन्, प्रशस्त भएका छन् । तैपनि संविधान जारी हुँदासम्म जनतामा निराशा थिएन । अब आमनिर्वाचन हुन्छ र मुलुकले लय समात्छ भन्ने थियो ।

यही क्रममा २०७२ असोजमा एमाले अध्यक्ष ओली प्रधानमन्त्री भएपछि जनआन्दोलन २०६२-२०६३ का उपलब्धिमाथि पनि बिस्तारै षड्यन्त्र सुरु भयो । संविधानसँग बाझिने सबै कानुन संशोधन गर्ने, संविधान कार्यान्वयनका लागि आवश्यक कानुनहरू निर्माण गर्ने र २ वर्षभित्र आमनिर्वाचन गर्ने म्यान्डेट ओली सरकारले पाएको थियो । यो कुरा संविधानमै लेखिएको थियो । तर ओलीले संविधानले गरेको यो निर्देश कार्यान्वयनमा लैजान त परै जाओस् आमनिर्वाचनसम्बन्धी कानुन निर्माण गर्नसमेत तयार भएनन् । जबसम्म आमनिर्वाचन हुँदैन, तबसम्म आफ्नो सत्ता लम्बिइरहने जोडघटाउमा ओली जुटे । साविकको संसद्ले सरकार परिवर्तन गर्न नसक्ने कुतर्क गर्न थाले । आमनिर्वाचन नगराई बाँचुन्जेल प्रधानमन्त्री बनिरहने अभिष्ठमा ओली लागेपछि माओवादीका अध्यक्ष प्रचण्ड सत्ताबाट बाहिरिएर नेपाली कांग्रेससँगको समीकरण निर्माणमा जुटे । यसमा प्रचण्ड सफल भए । कांग्रेस-माओवादी गठबन्धनमा बनेको सरकारले आवश्यक कानुन ल्याएर डेढ वर्षभित्रै तीन वटै तहको निर्वाचन सम्पन्न गर्यो ।

२०७४ सालको आमनिर्वाचनमा एमाले र माओवादीबीच पार्टी एकीकरण गर्ने सर्तका साथ गठबन्धन भयो । एउटै घोषणापत्र बोकेर उनीहरू चुनावमा गए । कम्युनिस्ट मतलाई एकै ठाउँमा ध्रुवीकरण गरी बहुमतको सरकार गठन गर्ने पवित्र उद्देश्यका साथ यो गठबन्धन भएको थियो । चुनावको परिणाम पनि त्यस्तै अपेक्षा अनुसारको आयो । एमाले-माओवादी गठबन्धनले करिब दुईतिहाइ बहुमत हासिल गर्नु, चुनाव सम्पन्न भएको ६ महिनापछि यी दुवै पार्टी एकीकरण भई नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को गठन हुनु नेपालको बाम आन्दोलनको मात्रै होइन सिंगो मुलुकका लागि स्थिर सरकारमार्फत समृद्धिको यात्रामा लैजानका लागि ठुलो राजमार्ग थियो । तर ओलीकै कारण यो सम्भावना तहसनहस भयो ।

त्यतिबेला ओलीले लोकतन्त्रको हुर्मत लिन के के गरेभन्दा पनि केसम्म गर्न बाँकी राखेनन् भन्ने सूची हेर्नुपर्ने हुन्छ । कोरानाका कारण चुनाव नै हुन नसक्ने अवस्थामा २-२ पटक प्रतिनिधिसभा विघटन गरेर देशलाई अन्धकारमा हुल्न खोजे । संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याएर संवैधानिक अंगहरू आफ्ना झण्डे कार्यकर्ताले भरे । अदालतमा पनि त्यस्तै गरे । लोकतन्त्रलाई कागजमा सीमित बनाउने ओलीको प्रयासपछि माओवादीसँगको एकीकरण भंग मात्रै भएन, एमाले पार्टीसमेत विभाजित भयो ।

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

## सुदुरपश्चिम प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि बिकास निर्देशनालय

Email:- akcdadeldhura@gmail.com

# कृषि ज्ञान केन्द्र

प.स. २०८२/८३

मिति २०८२/०५/२०

च.नं.

## डडेल्धुरा
## २०७५

## विभिन्न कृषि विकास कार्यक्रम संचालनका लागी आवेदन पेश गर्ने सम्वन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८२/०५/२०)

कृषि ज्ञान केन्द्र, डडेल्धुराको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकाले ईच्छुक कृषक/कृषि फर्म/कृषक समुह/सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मिति देखि २१ दिन भित्र २०८२/०६/०९ गते सम्म कार्यालय समय भित्र, सूदुरपश्चि प्रदेश कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्धन। पहिलो संसोधन नियमावली २०८० को अनुसूची-५ (नियम १४ को उपनियम (३) अनुसार निर्दिष्ट आवेदन फारम भरी तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र, डडेल्धुरा वा सम्वन्धित स्थानिय तहको कृषि विकास शाखामा निवेदन साथ राजश्व बुझाएको नगदी रसिदको पहिलो प्रति वा बैंक भौचर पेश गर्न हुन संवन्धित सवैका लागी यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | कर्यक्रम संञ्चालन हुने स्थान | नियुनतम मापदण्ड | कार्यक्रमको प्रक्रिया |
|---|---|---|---|---|
| १ | फलफुल नरसरी स्थापना/सुदृढीकरण कार्यक्रम | जिल्ला भरी | नरसरी ब्यवसाय दर्ता गरी हिउदे तथा वर्षेफलफुल बिरूवा उत्पादन गरी विक्रि वितरण गरि रहेको फर्म समुह तथा सहकारी हुनु पर्ने छ । साथै कलमी विरूवा उत्पादन गरिरहेकोलाई प्राथमिकता दिइने छ । | कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्धन नियमावली संसोधन २०८० बमोजिम |
| २ | साना सिचाई निर्माण कार्यक्रम | जिल्ला भरी | ब्यवसायिक कृषि खेति गरेको र विगत २ वर्ष यता कार्यक्रममा समावेस नभएको फर्म समुह तथा सहकारी हुनु पर्ने छ । | कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्धन नियमावली संसोधन २०८० बमोजिम |
| ३ | कृषि अध्ययन गरेका वा विदेशबाट फर्किएका कृषि उद्यम गर्ने युवाहरूको उद्यमशीलता विकास सहयोग | जिल्ला भरी | कृषि विषय पढी बेरोजगार वा कृषि पेशामा संलग्न युवा, विदेशबाट फर्केका कृषि ब्यवसाय गर्नु इच्छुक युवाहरू (विदेशबाट फर्केको प्रमाण पेश गर्नु पर्ने छ । | संसोधन २०८० बमोजिम |

### आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

१. रु १० को टिकट टाँस गरिएको सुदुरपश्चि प्रदेश कृषि तथा पशुपनछी ब्यवसाय प्रवर्धन । पहिलो संसोधन नियमावली २०८० को अनुसूची-५ नियम १४ को उपनियम (३) संग सम्वन्धित अनुसार निर्दिष्ट प्रस्ताव फारम ।
२. समुह/सहकारी/कम्पनीको हकमा निवेदन पेश गर्ने निर्णयको प्रतिलिप ।
३. ब्यक्तीका हकमा नेपाली नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि/कृषि फर्म /सहकारी तथा कम्पनीका हकमा फर्म दर्ता प्रमाण पत्र, PAN दर्ता प्रमाण, करचुक्ता प्रमाण पत्र, नविकरण पमाण पत्र तथा लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. कृषक/कृषि फर्म/समुह/सहकारी/कम्पनीहरुले कार्यक्रममा सहभागी हुन चाहने कृषकको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी ।
५. अन्य संघिय र स्थानिय निकायबाट अनुदान प्राप्त गरेका र दोहोरो परेका कृषक/फर्म/समुह/सहकारी तथा कम्पनीहरुलाई कार्यक्रममा समावेश गरिने छैन ।
६. गत २ आ.व सम्म कुनै पनि कार्यक्रममा समावेश नभएको कृषक/कृषि फर्म/समुह/सहकारी/कम्पनी लाई प्रथमिकता दिईनेछ ।

नोटः- आवेदन पेश गर्दा अनुदानग्राहीले सूदुरपश्चि प्रदेश कृषि तथा पशुपनछी ब्यवसाय प्रवर्धन (पहिलो संसोधन नियमावली २०८०) को अनुसूची-५ नियम १४ को उपनियम (४) वमोजिम रु १ लाख सम्मको अनुदान माग गरेमा निशुल्क, रु १लाख देखी रु ५ लाख सम्मको अनुदान माग गरेमा रु ३०० र रु ५ लाख भन्दा वढीको अनुदान माग गरेका कार्यक्रमका लागी रु १००० निवेदन दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्ने छ ।

### बैंक सम्वन्धि जानकारी :

**बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक**
**कार्यालय कोडः ३१२०१७५०२७**
**कार्यालयको नाम : कृषि ज्ञान केन्द्र डडेलधुरा ।**
**प्रयोजनः अन्य प्रशासनिक शुल्क**
**राजश्व शिर्षक नः १४२२१**

### थप जानकारीका लागीः

राम सिह बोहराः- ९८५८७७७५९२
लक्ष्मी भट्टः- ९८४८७७१३६६
पुष्प ओझाः- ९८६८३६८०८५

..............................
**नरेन्द्र पनेरू**
**बागवानी विकास निर्देशक**

# ओली अहंकारको पतन

पहिलोपटक प्रधानमन्त्री बन्दा चुनावै नगराई बाँचुन्जेल सत्तामा रहने अभिष्ठ पालेका, दोस्रोपटक प्रधानमन्त्री हुँदा चुनावै नहुने परिस्थितिमा संसद् विघटन गरी आफ्नो कार्यकाल अनन्तसम्म लम्याउने प्रयास गरेका ओली २०८१ साल असारको अन्तिम दिन तेस्रोपटक प्रधानमन्त्री पदमा पुग्नु नै मुलुकको लागि धेरै ठुलो अभिशाप थियो । तेस्रोपटक प्रधानमन्त्री हुँदा पनि ओलीको ध्याउन्न भ्रष्टाचारलाई प्रोत्साहन दिने र जनताका आवाजलाई दमन गर्नमै केन्द्रित रहे । एकातिर एमालेभित्रको आन्तरिक लोकतन्त्र समाप्त पारे भने अर्कातिर प्रधानमन्त्रीको कुर्सीमा बसेर चोरलाई चौतारी तथा साधुलाई सुलीको अभियानमा लागे । कुलमान घिसिङको बर्खास्ती र हितेन्द्रदेव शाक्यको नियुक्ति त्यसैको एउटा उदाहरण हो ।

यसरी ओलीले देश जलाउनका लागि सुकेको खरको थुप्रो बनाइसकेका थिए । त्यही थुप्रोमा आगो सल्काउने काम सामाजिक सन्जाल बन्दमार्फत गरे । सामाजिक सन्जालको बन्दले पनि आन्दोलन यति उग्र र नियन्त्रण बाहिर हुने थिएन, तर शान्तिपूर्ण प्रदर्शनमा उत्रेका स्कुले बालबालिकामाथि छातीमा ताकीताकी गोली हानियो ।

### अब के होला ?

जेनजी पुस्ताले अघि सारेकी न्यायमूर्ति कार्कीलाई संविधानका धाराको राजनीतिक व्याख्यामार्फत राष्ट्रपति द्वारा प्रधानमन्त्री नियुक्त गरिसकिएको र उनले संविधानमै उल्लेख भएका धाराअनुसार राष्ट्रपति मार्फत प्रतिनिधि सभा विघटन गरिसकेको अवस्था छ । यो अवस्था भनेको सुरक्षित अवतरण हो ।

प्रधानमन्त्री कार्कीले प्रस्ताव गरेका अध्यादेश राष्ट्रपति पौडेलद्वारा खुरुखुरु अनुमोदन हुँदै गए भने ओली र देउवा जेलमा हुन्छन् । कांग्रेस र एमाले पार्टी पनि सुधारिन वाध्य हुन्छन् । मुलुकको उज्यालो यात्रा सुरु हुन्छ । तर संसद् बहालीको चलखेल र प्रधानमन्त्रीको हातखुट्टा बाँध्ने प्रयास भयो भने मुलुकमा फेरि आगो सल्किन्छ । उज्यालो यात्रामा देशलाई लैजाने कि मुलुकमा फेरि आगो सल्काउने ? भन्ने कुरा राष्ट्रपति पौडेलको भूमिकामा निर्भर हुन्छ । देउवा र ओलीलाई हत्कडी लगाउने अध्यादेश स्वीकृत गर्न राष्ट्रपति पौडेल तयार होलान् त ? भन्ने प्रश्न यतिबेलाका लागि सबैभन्दा ज्वलन्त हो । २०४६ सालको जनआन्दोलन सफल अन्तरिम सरकार गठनपछि सर्वोच्च कमान्डर गणेशमान सिंहले प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई निर्देशन दिँदै भनेका थिए, 'होसियार, सर्प मरे पनि पुच्छर हल्लिँदै छ ।' तर अहिले त ओली अझै पनि एमाले अध्यक्षका रूपमा शक्तिमै छन् । उनको पुच्छर सलबलाइरहेको छ ।

# लाल बिगूल राष्ट्रिय दैनिक

२०८२ साल भाद्र २९ आइतवार

जि.प्र.का.ड.द.नं. १४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

शिक्षा/साहित्य/विविध





व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. ४ को कार्यालय
डडेल्धुरा

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

नवदुर्गा गाउँपालिका
वडा नं. ३ को कार्यालय
डाडावन डडेल्धुरा


# जेन-जी आन्दोलनका घाइतेले प्रधानमन्त्री कार्कीसँग भने- हाम्रो योगदान खेर नजाओस्

**बिगुल समाचार**

**२९ भाद्र २०८२**



प्रधानमन्त्री सुशीला कार्कीले 'जेन-जी' आन्दोलनमा घाइते भएर मीन भवनस्थित निजामती (सिभिल) अस्पतालमा उपचाररत युवाहरुलाई भेटेर उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिएकी छन् ।

प्रधानमन्त्री कार्कीले आज अपराह्न उक्त अस्पतालमा उपचाररत घाइतेहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिएको अस्पतालका कार्यकारी निर्देशक प्राडा मोहनचन्द्र रेग्मीले जानकारी दिए ।

'प्रधानमन्त्रीले घाइतेको स्वास्थ्य स्थिति बारे जानकारी लिनुभयो, त्यसक्रममा उहाँहरूले आफ्नो स्वास्थ्यबारे प्रधानमन्त्रीलाई जानकारी गराउँदै आफूले देशका लागि दिएको बलिदान खेर नजाओस्, प्रधानमन्त्रीले देशलाई निकास दिनुपर्छ, पुनःअ र्को पुस्ताले आन्दोलन गर्नु नपरोस्,' डा रेग्मीले भने ।

प्रधानमन्त्री कार्कीले मुलुकको अवस्था परिवर्तन गर्न हरसम्भवन प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गरेकी थिइन् ।

कार्यकारी निर्देशक रेग्मीका अनुसार गत सोमबार यता ४५७ जना घाइते अस्पताल पुगेकामा ४४ जनालाई अन्यत्र रेफर गरिएको थियो ।

३६४ जना उपचारपछि घर फर्किसकेका छन् ।

अस्पताल भर्ना भएका ४९ मध्ये ११ जना हाल उपचाररत छन् । गम्भीर घाइते एक जनाको सघन उपचार कक्षमा उपचार भइरहेको छ भने ४५ जनाको शल्यक्रिया तथा सात जनाको पुनः शल्यक्रिया गरिएको छ। निजामती अस्पतालमा उपचारका क्रममा ६ जनाको मृत्यु भएको थियो


## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रुपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मण्लिेक, डडेल्धुरा

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपुर, डडेल्धुरा**



डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा